बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

बारबर्दिया राजपत्र

**भाग–६**

**खण्डः२** **संख्याः ६** **मितिः २०८०/०२/१०**

# बारबर्दिया नगरपालिकाको बालकोष संचालन कार्यबिधि, २०७९

कार्यपालिकाको निर्णय मितिः२०७९/१२/१७

प्रमाणिकरण मितिः २०७९/१२/१८

**प्रस्तावनाः**

नेपालको संबिधान को धारा ३९ को बालबालिका सम्बन्धि हकको कार्यान्वयन गर्न र नगरपालिका भित्रका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण, स्वास्थ्य उपचार,पारिवारीक पुर्नमिलन तथा पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६३ को उपदफा ४ को अधिनमा रहि, स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बारबर्दिया नगरपालिकाको प्रशासकीय **कार्यबिधि** (नियमित गर्ने) ऐन २०७४ को दफा ४ वमोजिम बारबर्दिया नगरपालिकाले यो कार्यबिधि तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम बारबर्दिया नगरपालिकाको बालकोष संचालन कार्यविधि, २०७९ रहेको छ ।

(ख) यो कार्यबिधि स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**२. विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यबिधिमाः**

क) **“नगरपालिका”** भन्नाले बारबर्दिया नगरपालिका सम्भन्नु पर्दछ ।

ख) **“ऐन”** भन्नाले संघिय संसदले बनाएको बालबालिका सम्बन्धि ऐन, २०७५ सम्भन्नु पर्दछ ।

ग) **"कोष"**भन्नाले दफा (४) बमोजिम स्थापना गरिएको बाल कोष सम्झनु पर्दछ ।

घ) "कोष संचालकसमिति" भन्नाले नियम बमोजिम गठित बाल कोष संचालक समिति सम्झनु पर्दछ

ङ) **"विशेष संरक्षणको आवश्यकता भएका बालबालिका"** भन्नाले दफा (३) बमोजिमका बालबालिकालाई सम्झनु पर्दछ ।

च) **"कार्यविधि"** भन्नाले बारबर्दिया नगरपालिका बालकोष (संचालन कार्यविधि) २०७९ भन्ने सम्झनु पर्दछ ।

छ) **"कार्यपालिका"** भन्नाले बारबर्दिया नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) **"कार्यालय"** भन्नाले बारबर्दिया नगरपालिकाको नगर कायपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

**३. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका :**

विशेष संरक्षणको आवश्यकता भएका बालबालिका अन्तर्गत देहाएका बालबालिका पर्दछन ।

- हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,
- जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिका,
- ऋणको कारणले बन्धकमा रहेको वा जबरजस्ति श्रममा लगाई पिडित भएका बालबालिका,
- शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता पिडित बालबालिका,
- दुर्घटनामा परेका वा प्राकृतिक वा दैवि प्रकोपमा परेका बालबालिका,
- बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएका बालबालिका ,
- यौनशोषण, यौन दुर्व्येवहार, बेचबिखन वा ओसारपसारमा परेका बालबालिका,
- हिंसाबाट प्रभावित एंव पिडित भएका बालबालिका,
- बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका,
- अपांगता भएका बालबालिका,
- सुस्त मनस्थिती भएका बालबालिका,
- अपहरण वा शरिर बन्धकमा परेका बालबालिका,
- सडक बालबालिका
- एच.आई.भि. एड्स संक्रमित भएका बालबालिका,
- नगर बाल संरक्षण समितिले तोकेका अन्य बालबालिका

**४. कोषको स्थापना :**

(१) नगर क्षेत्र भित्र रहेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण, स्वास्थ्य उपचार, पारिवारीक पुर्नमिलन तथा पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्ने काम समेतका लागि एक बाल कोषको स्थापना गरिएको छ ।

२) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) संघिय, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) बिभिन्न संघ-सस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम,

(घ) बैंक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम ।
(३) कोषले आफ्ना उद्धेश्य सँग मेल खाने संघिय, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने बाल हेल्पलाईन जस्ता कार्यक्रमसँग समन्वय गरी क्रियाकलाप सञ्चालन गर्नेछ ।

**५. कोषको रकम जम्मा गर्ने :** विशेष संरक्षण आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्न राहत तथा पुन:स्थापना गर्ने काम समेतका लागि बारबर्दिया नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ साथै यस नगरपालिकामा बालबालिका क्षेत्रमा कामगर्ने संघ/संस्थाहरुले नगरपालिकामा बार्षिक बजेट बिनियोजन गरि स्वीकृत लिदा बजेटको ०.५% बजेट कोषको लागि छुट्याई जम्मा गर्नु पर्नेछ ।

**६. कोषको उपयोग :**
(१)कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ ।
(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,
(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्न,
(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका पहिचान गर्न,
(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न ।
(ङ) परिवारको खोजी गरी पुनर्मिलन तथा पुनर्स्थापना गर्न,
(च) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई **आवस्यकताका आधारमा** राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन ।
(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष संचालक समितिले उच्च जोखिममा रहेका तथा हिंसाबाट पिडित तथा प्रभावित तथा लागुपदार्थ दुर्व्येशनिमा फसेका बालबालिकाहरुलाई प्राथमिकतामा दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**७. कोषको रकम अन्य काममा उपयोग गर्न नपाईने :** कोषको रकम दफा (६) बाहेकका अन्य कामका लागि उपयोग गर्न पाईने छैन ।

**८. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड:**
(१) बारबर्दिया नगरपालिकाले कोष परिचालन समिति गठन गरी बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्दछ ।
(२) कोष संचालक समितिले उपदफा (१) बमोजिम बिशेष संरक्षण आवश्यकता भएका बालबालिकाहरुलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको हद र आधार लिनु पर्दछ ।
(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई कोष संचालक समितिले निर्णय गरी प्रति व्यक्ति रु दश हजार रुपैया सम्म,
(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी,
(ग) कोष संचालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा सहयोग गर्ने ।
(३) राहात तथा आर्थिक सहयोग प्रदान गर्नु पर्ने आवश्यक भएका बालबालिकालाई उपलब्ध गराइने राहात रकम महिला बालबालिका शाखा प्रमुखलाई अग्रीम पेश्की स्वरुप केहि रकम सम्म दिन सक्नेछ । र सो समितिको निर्णय बमोजिम प्रदान गरिने बालबालिकालाई आर्थिक सहयोगमा खर्च गर्नु पर्नेछ ।

साथै सो को बिल भर्पाई र निर्णयको फोटोकपि नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछ ।

**९. निवेदन दिन सक्ने :**

(१) यस कार्यबिधिको दफा नं ३ मा उल्लेख गरिएको बालबालिकाहरुको संरक्षण, उद्धार, राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहनेको बालबालिका वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनसिव कारण खुलाई बालबालिकाको विस्तृत विवरण खुल्ने गरी **वडा कार्यालयमा** निवेदन दिनुपर्नेछ र वडा समितिले आवश्यक जाँचबुझ गरी आवश्यक देखिएमा नगरपालिकामा आवश्य राहातको लागि सिफारिस गर्नु पर्नेछ .

(२) उपदफा १ बमोजिम प्राप्त भएको **निबेदन** जाचबुझ गर्दा पिडित तथा प्रभावित बालबालिकाहरुलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा संचालक समितिले दफा (८) को अधिनमा रही कोष संचालक समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा उल्लेख भएता पनि पीडित तथा प्रभावित बालबालिकाहरुलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने मनासिब आधार देखिएमा दफा ८ बमोजिम कोष संचालक समितिबाट पछि अनुमोदन गराउने गरी कार्यालयले तत्काल उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा १ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सो को जानकारी निवेदकलाई गराउनुपर्नेछ ।

**१०. संचालक समितिको गठन :** कोषको ब्यवस्थापन, सन्चालन एवं स्रोतको खोजि गर्न देहाय बमोजिमको ५ सदस्यिय संचालक समिति रहनेछ ।

(क) नगरस्तरिय बाल अधिकार समितिका संयोजक (नगर उपप्रमुख) - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग)नगरस्तरिय बाल क्लव प्रतिनिधि -सदस्य

(घ)सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) बाल कल्याण अधिकारी -सदस्य

(च) नगरपालिकामा बालबालिका क्षेत्रमा क्रियाशिल संघसंस्था मध्येबाट १ जना -सदस्य

(छ) महिला बालबालिका क्षेत्र हेर्ने शाखाका शाखा प्रमुख -सदस्य सचिव

११. संचालक समिति काम कर्तव्य र अधिकार : संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आपतकालिन अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारीवारीक पुर्नमिलन गर्ने गराउने ।

(ख) कोषको बृद्धिको लागि स्रोतको खोजि गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गर्ने,

(ग) बालमैत्री स्थानिय शासन नगर समितिको निर्णयलाई पालना गर्ने,

(घ) बार्षिक रुपमा कार्यप्रगति विवरण बालमैत्री स्थानिय शासन नगर समिति तथा कार्यपालिका वैठकमा पेश गर्ने,

(ङ) कोषको आय-व्ययको विवरणको अद्यावधि गर्ने,

(च) कोषको रकमको संरक्षण गर्ने,

(छ) बालबालिकाको क्षेत्रमा कार्यरत संघ सस्था, कोषको बृद्धिमा सहयोग गर्ने सँग संघ सस्थाहरु तथा व्यक्ति सँग समन्वय गर्ने ।

(ज) संचालक समितिले गरेका आय-व्ययको विवरण बालमैत्री स्थानिय शासन नगर समितिमा पेश गर्ने ।

(झ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने । (ञ) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने गराउने ।

**१२. संचालक समिति वैठक र निर्णय**

(क) संचालक समितिको वैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ

(ख) संचालक समितिको वैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। निजको अनुपस्थितीमा उपस्थित सदस्यहरु मध्ये छानेको सदस्यले गर्नेछ, ।

(ग) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ

(घ) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिको बैठक सम्बन्धि अन्य कार्यबिधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

**१३. खाता सञ्चालनः**

१. बाल कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त “क” वर्गको बैङ्कमा खाता खोलि जम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुवै प्रकारको खाता खोल्न सकिनेछ ।

२. बैंक खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षणः**

१. कोषको आय व्ययको लेखा नगरपालिकाले प्रचलित कानुन बमोजिम राख्नेछ ।

२. कोषको आय तथा व्ययको लेखापरिक्षणप्रचलित कानुन वमोजिम नगरपालिकाले गराउनेछ । **१५. कोषको रकम फ्रिज नहुनेः** प्रचलित कानुनमा जेसुकै लेखिएको भएपनि कोषको रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नभइ बाकी रहेमा पनि फ्रिज हुनेछैन ।

**१६. प्रतिवेदन पेश गर्ने :**

(१) समितिले आफुले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ

(२) उप नियम (१) बमोजिमको प्रतिवेदन नगर कार्यपालिकाले वार्षिक रुपमा रुपमा प्रकाशन गर्नुपर्नेछ ।

**१७. बैठक भत्ताः** संचालक समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

**१८. कोषको सचिवालय :** कोषको सचिवालयको काम नगरपालिकाको महिला तथा वालवालिका हेर्ने शाखाले गर्नेछ ।

**१९. अभिलेख राख्ने :** समितिले आफुले गरेको काम कारबाहीहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२०. निर्देशन दिन सक्ने :**

१) नगरकार्यपालिकाले कोष संचालक समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नू समितिको कर्तव्य हुनेछ ।

**२१) संशोधन र व्याख्या :** संशोधन र व्याख्या गर्ने अधिकार यस कार्यविधिको संशोधन र कुनै विषयमा द्विविधा भएमा व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**२१) कोष खारेज हुन सक्ने :** १) कुनै कारणवश कोष संचालन गर्न आवश्यक नदेखिएमा नगरकार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरकार्यपालिकाको बैठकबाट हुनेछ ।

**२२) अमान्य हुनेः** यस कार्यविधिमा उल्लेखित कुनै कुरा प्रचलित कानुनसंग वाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञालेः<br>
अशोक कोइराला<br>
प्रमुख प्रशासकीय अधिकृत